**विपन्न नागरिक औषधि उपचार सेवा सञ्चालन गरेका सूचिकृत अस्पतालहरुलाई सम्झौता गर्न आउने सम्बन्धी जरुरी सूचना**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०७५ को दफा १० मा विरामीहरुको कडारोगको उपचार शुल्क स्वास्थ्य विमा बोर्डले निर्धारण गरेको शुल्क बमोजिम गर्ने र स्वास्थ्य विमा बोर्डले नतोकेको शुल्कको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ भन्ने ब्यहोरा निर्देशिकामा परिमार्जन भइ आएको हुंदा चालु आर्थिक वर्ष ०७५।७६ मा सम्झौता भएका अस्पतालहरु संग पनि पुन: सम्झौता गर्नुपर्ने साथै सम्झौता नगरेका अस्पतालहरु संग विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०७५ बमोजिम सम्झौता गर्नुपर्ने भएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिल बमोजिमको कागजात सहित देहाय बमोजिमको ठेगानामा सम्झौता गर्न आउन हुन सवै सूचिकृत अस्पतालहरुलाई यो सूचना जारी गरिएको छ । उक्त अवधि भित्र सम्झौता गर्न नआउने अस्पतालहरुलाई निर्देशिका बमोजिम आवश्यक कार्यवाही अगाडी बढाइने ब्यहोरा अनुरोध छ ।
विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०७५ सम्बन्धी विस्तृत जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको **Web site: www.mohp.gov.np** बाट प्राप्त गर्नुसक्नु हुनेछ ।

<u>सम्झौता गर्न आउंदा पेश गर्नुपर्ने कागजातहरु</u>

१. अस्पताल दर्ता वा नविकरण वा प्रकृयामा रहेका पत्र ।
२. कडारोगको उपचार वापत सूचिकृतका लागी स्वीकृत भएको पत्र ।
३. सम्झौता गर्न आउने पदाधिकारीको अख्तियारी पत्र ।
४. आ.व ०७४।७५ को लेखा परिक्षण प्रतिवेदन ।

**<u>पुनश्च:</u>** यस भन्दा अघि चालु आ.व ०७५।७६ का लागी सम्झौता गरिसक्नु भएका अस्पतालहरुले अख्तियारी पत्र मात्र ल्याउन हुन अनुरोध छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा
टेकु, काठमाडौं ।